# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# पकडी, कपिलवस्तु
# (लुम्बिनी प्रदेश,नेपाल)

वेबसाईट :www.mayadevimunkapilvastu.gov.n
ईमेल : mayadevirm@gmail.com

पत्र संख्याः २०८२।०८३
च.न.- २०५०

मितिः २०८३।०२।२६

मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकडी, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

श्री सामुदायिक तथा धार्मिक विद्यालयहरू (सवै),
मायादेवी गाउँपालिका, कपिलवस्तु।

विषयः विद्यालय व्यवस्थापन समिति गठन सम्वन्धमा।

प्रस्तुत विषयमा केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ ले शिक्षा ऐन, २०२८ मा गरेको संशोधन बमोजिम शिक्षा ऐन, २०२८ को दफा १२ को उपदफा १ को खण्ड 'ग' मा भएको मनोनयन सम्वन्धी व्यवस्था खारेज भएको छ। सोही ऐनको व्यवस्था अनुकूल हुने गरी मायादेवी गाउँपालिकाको गाउँसभाले समेत गाउँपालिकाको शिक्षा नियमावली, २०७५ को नियम २६ को उपनियम (१) को खण्ड (ग) को व्यवस्था खारेज गरेको व्यहोरा सर्वविदितै छ। चालू आर्थिक वर्ष समाप्तिको समय नजिकिँदै आएकोले समितिबाट सम्पादन हुनुपर्ने महत्त्वपूर्ण नीतिगत, आर्थिक तथा प्रशासनिक कार्यहरू प्रभावित हुन सक्ने देखिन्छ। तसर्थ, आफ्ना विद्यालयहरूमा संशोधित व्यवस्था बमोजिम विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया तत्काल अगाडि बढाई यथाशीघ्र समिति गठन गर्न निर्देशानुसार अनुरोध गरिन्छ।

विशेष ध्यानाकर्षणः

समयमै व्यवस्थापन समिति गठन हुन नसकी आर्थिक वर्षको समाप्ति अगावै गरिनुपर्ने हिसाब-किताब मिलान, योजनाहरूको फरफारक (Clearance) नभएमा वा अन्य कुनै पनि प्रशासनिक कार्यमा अवरोध आई विद्यालयको दैनिक कार्य सञ्चालनमा समस्या उत्पन्न भएमा त्यसको पूर्ण जिम्मेवार सम्बन्धित विद्यालय प्रशासन र प्रधानाध्यापक स्वयं हुनुपर्ने व्यहोरा समेत यसै पत्रद्वारा स्पष्ट पारिन्छ।

८३।०२।२६
नरेन्द्र यादव
मुख प्रशासकीय अधिकृत

Scanned with CamScanner